महालक्ष्मी राजपत्र

संख्या १०

भाग २, खण्ड ८

महालक्ष्मी नगरपालिका, ललितपुरको

शैक्षिक व्यवस्थापन तथा गुणस्तर सुधार अनुदान कार्यविधि -२०८१

(नगर कार्यपालिकावाट २०८१/०८/२८ गते स्वीकृत)

प्रकाशन मितिः २०८१/०९/०७

महालक्ष्मी नगरपालिका नगरकार्यापालिकाको कार्यालयबाट मुद्रित

शैक्षिक व्यवस्थापन तथा गुणस्तर सुधार अनुदान कार्यविधि -२०८१

प्रस्तावनाः

नेपालको संविधानले प्रारम्भिक बालविकास कक्षादेखि माध्यमिक तहसम्मको शिक्षालाई व्यवस्थापन गर्ने अधिकार स्थानीय सरकारलाई दिएको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय सरकारलाई संविधान प्रदत्त शैक्षिक अधिकारको थप स्पष्टता गरेको सन्दर्भमा यस महालक्ष्मी नगरपालिका अन्तर्गत सञ्चालनमा रहेका आधारभूत तथा माध्यमिक तह सञ्चालित सामुदायिक विद्यालयहरुबाट गुणस्तरीय शिक्षा प्रदान गर्न, अनिवार्य तथा निशुल्क शिक्षा कार्यान्वयन गर्न, विद्यालयहरुको शैक्षणिक तथा व्यवस्थापकीय क्षमता अभिवृद्धि गर्न, सिकाइ उपलब्धि अभिवृद्धि तथा शैक्षिक संस्थाको आन्तरिक सक्षमता वृद्धि गरी गुणस्तरीय शिक्षा प्रदान गर्नका लागि सामुदायिक विद्यालयहरुमा अनुदान दिने सम्बन्धी कार्यलाई व्यवस्थित गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ तथा महालक्ष्मी नगरपालिकाको शिक्षा ऐन २०७६ को दफा ३९ एवम् महालक्ष्मी नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी मिति २०८१/०८/२८ मा महालक्ष्मी नगरपालिका नगर कार्यपालिकाले यो कार्यविधि बनाई लागू गरेको छ ।

परिच्छेद-१

१. **संक्षिप्त नाम र प्रारम्भः**

(क) यो कार्यविधिको नाम शैक्षिक व्यवस्थापन तथा गुणस्तर सुधार अनुदान कार्यविधि, २०८१ रहेको छ ।

(ख) यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क. "नगरपालिका" भन्नाले महालक्ष्मी नगरपालिका, ललितपुरलाई जनाउँछ ।

ख. "प्रमुख" भन्नाले महालक्ष्मी नगरपालिकाको नगर प्रमुखलाई जनाउँछ ।

ग. "उपप्रमुख" भन्नाले महालक्ष्मी नगरपालिकाको नगर उप प्रमुखलाइ जनाउँछ ।

घ. "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले महालक्ष्मी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाइ जनाउँछ ।

ङ. "प्रमुख शिक्षा अधिकृत" भन्नाले महालक्ष्मी नगरपालिकाको शिक्षा युवा तथा खेलकूद शाखाको प्रमुखलाई जनाउँछ ।

च. "वडा अध्यक्ष" भन्नाले महालक्ष्मी नगरपालिकाको सम्बन्धित वडाको वडा अध्यक्षलाई जानाउछ ।

छ. "अनुदान" भन्नाले महालक्ष्मी नगरपालिका अन्तर्गत सञ्चालनमा रही छनौंट भएका सामुदायिक विद्यालयहरुका लागि शैक्षिक व्यवस्थापन र गुणस्तर सुधारका लागि अर्धवार्षिक/वार्षिक रुपमा नगरपालिका तथा वडा अन्तरगतको बजेट शीर्षकबाट विद्यालयको खातामा उपलब्ध गराइने अनुदान रकमलाई जनाउँछ ।

ज. "व्यवस्थापकीय सुधार अनुदान" भन्नाले विद्यालयहरुको शैक्षणिक तथा व्यवस्थापकीय क्षमता अभिवृद्धि गर्न तथा विद्यालयको आन्तरिक सक्षमता वृद्धिका लागि प्रदान गरिने अनुदानलाई बुझाउँछ ।

झ. "गुणस्तर सुधार अनुदान" भन्नाले विद्यार्थीहरुको सिकाइ उपलब्धि अभिवृद्धिका लागि आवश्यक सिकाइ सामग्री, तालिम लगायत शैक्षिक गुणस्तर वृद्धिका लागि प्रदान गरिने अनुदानलाई बुझाउँछ ।

ञ. "शैक्षिक सहयोगी संस्था" भन्नाले शिक्षा क्षेत्रमा काम गरी विद्यालयहरुसँग समन्वय तथा सहकार्य गर्ने संघ संस्थाहरुलाई जनाउँछ ।

ट. “सामुदायिक विद्यालय” भन्नाले नेपाल सरकार तथा महालक्ष्मी नगरपालिकाबाट सामुदायिक विद्यालयको रुपमा प्रारम्भिक बाल शिक्षादेखि कक्षा १२ सम्म अनुमति प्राप्त गरेका विद्यालयलाई जनाउँछ ।

ठ. “विद्यालय व्यवस्थापन समिति” भन्नाले महालक्ष्मी शिक्षा ऐन २०७६ को दफा १२ बमोजिम गठित समिति भन्ने बुझाउछ ।

परिच्छेद —२

२.१ अनुदानको प्रकार:

नगरपालिकाले छनौट गरेका विद्यालयहरुमा तपसिल अनुसारको अनुदान प्रदान गर्न सकिने छ :

क. व्यवस्थापकीय सुधार अनुदान -

ख. गुणस्तर सुधार अनुदान

२.२ विद्यालय छनौटको आधार:

विद्यालयको भौतिक र शैक्षिक अवस्था, विद्यार्थी संख्या, सिकाइ उपलब्धि, जनशक्ति व्यवस्थापन, विद्यालय व्यवस्थापनसहित प्राथमिकताको आधारमा विद्यालय छनौट गरिनेछ ।

२.३ विद्यालय छनोट प्रक्रिया:

क. शिक्षा, युवा तथा खेलकुद शाखाले वा वडा समितिले बार्षिक स्वीकृत कार्यक्रमका आधारमा विद्यालयसँग प्रस्ताव माग गर्नेछ ।

ख. उक्त कार्यक्रमका लागि विद्यालयको प्रस्तावअनुसार प्राथमिकताको आधारमा सबै विद्यालय वा तोकिएको संख्याको विद्यालयहरु छनौट गरिनेछ ।

२.४ <u>विद्यालयले पेश गर्नु पर्ने कागजातहरु:</u>

क. व्यवस्थापन/ गुणस्तर सुधारका लागि प्रस्तावपत्र

ख. सम्बन्धित वडा कार्यालयको सिफारिसपत्र

ग. व्यवस्थापन/ गुणस्तर सुधारका लागि विद्यालय व्यवस्थापन समितिको प्रतिवद्धतासहितको निर्णय ।

ग. विद्यालयले माथि उल्लेख गरे बमोजिमका कागजातहरु सहित नगरपालिकामा अनुदान माग सहितको निवेदन पेश गरे पश्चात स्वीकृत कार्यक्रम अनुसार छनौट भएका विद्यालयहरुलाई नगरपालिकाले निर्धारण गरे बमोजिमको रकम अनुदान विद्यालयको खातामा निकासा दिनुपर्नेछ ।

२.५ <u>विद्यालयको दायित्व/जिम्मेवारी:</u>

क. नगरपालिकाबाट प्राप्त अनुदानबाट विद्यालयले शैक्षिक गुणस्तर वा व्यवस्थापन सुधारका लागि आवश्यक खर्च गर्नु पर्नेछ ।

ख. सामान खरीद गर्दा प्रचलित सार्वजनिक खरीद ऐन तथा आर्थिक नियमावली अनुसार खरीद गर्ने र हिसाव राखी व्यवस्थित राखुपर्नेछ ।

ग. विद्यालयले गुणस्तर र व्यवस्थापकीय सुधार गर्न विद्यालय व्यवस्थापन समितिको निर्णयसहित शैक्षिक सहयोगी संघ/संस्थाहरुसँग सहकार्य गर्न सक्नेछ ।

घ. खरीद गरिएको सामानहरु नियमानुसार जिन्सी खातामा अभिलेख राख्ने र आम्दानी बाँध्नुपर्नेछ ।

ङ. कार्य सम्पन्न प्रतिवेदनसाथ बैठकका निर्णयहरु, कार्यक्रमका सम्पुर्ण विवरणहरु, बिल भर्पाइ सहितको तथा अन्य कागजातहरुको छाँयाप्रति नगरपालिकामा समयमै बुझाउनु पर्नेछ ।

परिच्छेद ३

३.१ **<u>अनुगमन समितिः</u>** शैक्षिक गुणस्तर र व्यवस्थापकीय सुधारका लागि विद्यालयहरुलाई उपलब्ध गराइने अनुदानलाई व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन गर्न देहायका सदस्यहरु रहेको एक अनुगमन समिति रहनेछ ।

क. नगर उपप्रमुख	संयोजक
ख. सामाजिक विकास समितिको संयोजक	सदस्य
ग. शिक्षा समितिका सदस्य मध्य समितिले तोकेको	सदस्य
घ. कार्यपालिका सदस्यमध्येबाट १ जना	सदस्य
ङ. शिक्षा युवा तथा खेलकुद शाखाको शाखा अधिकृत	सदस्य सचिव

समितिको बैठक आवश्यकता अनुसार बस्नेछ । बैठक सञ्चालन सम्बन्धी कार्यविधि समिति आफैंले तयार गरेबमोजिम हुनेछ । समितिले आफ्न अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

३.२ **अनुगमन समितिको जिम्मेवारीः** विद्यालयमा कार्यक्रम कार्यान्वयन गर्दा आइपरेका समस्याहरुको पहिचान, सहजीकरण तथा निर्देशन गर्ने, कार्यक्रमको अनुगमन तथा पृष्ठपोषण प्रदान, अभिलेख र रिपोर्टिङ गर्ने जिम्मेवारी रहनेछ ।

परिच्छेद -४

<u>विविध</u>

४.१ **<u>जिम्मेवार हुनुपर्नेः</u>**

क. विद्यालयमा कार्यक्रम कार्यान्वयन गर्ने जिम्मेवारी सम्बन्धित विद्यालय व्यवस्थापन समितिको हुनेछ ।

४.२. वाधा अड्काउ फुकाउन नगर कार्यपालिकाले आवश्यक निर्णयहरु गर्न सक्नेछ ।

४.३ कानुन संग वाझिन नहुने : संघीय तथा प्रादेशिक कानुनसँग वाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ ।

प्रमाणीकरण मिति :२०८१/०९/०१

आज्ञाले,
चिरञ्जीवी पौडेल
निमित्त प्रमुख प्रशासकीय अधिकृत